## नमूना कार्यक्रम र क्षमता अभिवृद्धि

घरबाट निस्किने फोहरपानीको उचित ब्यवस्थापन नगरी सीधै खोलानालामा मिसाउनाले नदी प्रदुषणमा व्यापक वृद्धि भएको छ । केन्द्रिकृत फोहरपानी प्रशोधन अत्यन्त कठीन र खर्चिलो हुने भएकोले यस कार्यक्रमले सामुदायिक स्तरको विकेन्द्रित जैविक फोहरपानी व्यवस्थापनको नमूना प्रणालीको विकास एवं प्रचार गर्नमा सहयोग पुऱ्याउँदै आएको छ । यसै सिलसिलामा यस कार्यक्रमले मध्यपुर थिमी नगरपालिकाको सुँगामा यस प्रणाली निर्माणका लागि प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराएको छ । यसका साथै यस कार्यक्रमले शहरी वातावरण सुधार परियोजना क्षेत्रहरूमा पनि यस्तो प्रणालीको विकास गर्न क्षमता अभिवृद्धिका कार्यक्रमहरू अगाडि बढाएको छ । यस कार्यक्रमले उक्त फोहरपानी प्रशोधन प्रणालीको सही डिजाइन, निर्माण, सञ्चालन र मर्मत सम्भारका विस्तृत जानकारी र निर्देशनहरू सहितको पुस्तिकाको निर्माण गरिरहेको छ ।

ढल प्रणालीसँग आबद्ध नभएका घरहरूमा चर्पीबाट निस्किने मलमूत्र सेफ्टि ट्याङ्किमा जम्मा गरिने प्रचलन छ । तर नेपालमा सेफ्टि ट्याङ्किको फोहर व्यवस्थापन गर्ने उचित प्रक्रियाको अभावमा त्यस्तो फोहरले वातावरणीय प्रदुषण झन् बढाएको छ । यस सन्दर्भमा यो कार्यक्रमले काठमाडौं उपत्यकामा सेफ्टि ट्याङ्किबाट निस्किने फोहरको उचित व्यवस्थापन कार्ययोजना निर्माणको लागि आवश्यक अध्ययन अगाडि बढाएको छ । यो अध्ययनको निष्कर्ष



नेपाल सरकार लगायत अन्य सरोकारवालाहरूलाई अत्यन्त उपयोगी हुने विश्वास लिइएको छ ।

त्यसै गरी यस कार्यक्रमले एकिकृत वातावरणिय सरसफाइ कार्यलाई टेवा दिनका लागि मलचर्पीको प्रवर्द्धन, घरेलु फोहरको व्यवस्थापन, फोहरबाट बायोग्यांस उत्पादन कार्यमा नमूना कार्यक्रमहरू संचालन गर्नुको साथै स्थानीय स्तरमा यस बारे क्षमता अभिवृद्धि गर्ने पनि लक्ष्य राखिएको छ ।

साथै, स्थानीय निकाय र स्थानीय खानेपानी उपभोक्ता समितिको क्षमता अभिवृद्धि गर्नको लागि विभिन्न प्रकारका तालिमहरू जस्तैः खानेपानी वितरण प्रणालीको संचालन तथा मर्मत संभार, प्रशासनिक तथा वित्तिय व्यवस्थापन, लैंगिक समानता, पानीको गुणस्तर अनुगमन, विपन्न वर्गको लागि सेवा प्रदान गर्ने तरीका आदिको तालिम पनि यस कार्यक्रमले संचालन गर्दै आइरहको छ ।

## मानव मूल्यमा आधारित पानी शिक्षा

मानव जीवनका लागि पानीको महत्व धेरै भएपनि पानीको सही उपयोगको ज्ञान धेरैलाई छैन । पानीको अभावबाट पिरोलिइरहेको हालको अवस्थामा उपलब्ध पानीको सही उपयोग गर्न सकिएमा धेरै राहत मिल्न सक्छ । यो महत्वपूर्ण मुद्दालाई यस कार्यक्रमले आफ्नो क्रियाकलापमा समावेश गरेको छ । यस अन्तर्गत मानव मूल्यमा आधारित पानी र सरसफाइ शिक्षाको जानकारी पुस्तिका निर्माण गर्नुका साथै पानी शिक्षाको अवधारणालाई राष्ट्रिय स्तरमा अघि बढाउन यस कार्यक्रमले शिक्षा मन्त्रालयसँग सहकार्यको प्रक्रिया अघि बढाएको छ । शैक्षिक संस्था एवं सामुदायिक स्तरमा पनि पानी शिक्षा अघि बढाउन यस कार्यक्रम प्रयासरत छ ।




## सम्पर्क


श्री कृष्ण प्रसाद आचार्य, सह-सचिव
नेपाल सरकार
भौतिक योजना तथा निर्माण मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन : ४२२७२८०, ४२२८९३१, ४२२८२८५
फ्याक्स् : ४२२८४२०
इमेल : info@moppw.gov.np, kpacharya55@yahoo.com
वेव : www.moppw.gov.np

डा. रोशन राज श्रेष्ठ, प्रमुख प्राविधिक सल्लाहकार
UN HABITAT
एशियाली शहरहरूका लागि पानी कार्यक्रम, नेपाल
यु. एन. बिल्डिङ्, पुल्चोक ललितपुर
पो.ब.नं. १०७, काठमाडौं, नेपाल
फोन : ५५२१४१९, ५५४२८१६, फ्याक्स् : ५५३९०७७
इमेल : roshan.shrestha@undp.org, वेव : www.unhabitat.org


UN-HABITAT

# एशियाली शहरहरूका लागि पानी कार्यक्रम - नेपाल





नेपाल सरकार
भौतिक योजना तथा निर्माण मन्त्रालय

UN-HABITAT

ADB



"एशियाली शहरका लागि पानी कार्यक्रम" संयुक्त राष्ट्र संघीय मानव आवास कार्यक्रम (UN-HABITAT), एशियाली विकास बैङ्क र एशियाली सरकारहरूको साझा कार्यक्रम हो । यो कार्यक्रमको औपचारिक घोषणा सन् २००३ मार्च १८ का दिन विश्व पानी मञ्चको अवसरमा भएको थियो । एशियाली राष्ट्रहरूमा पानी र सरसफाइसँग सम्बन्धित सहश्राब्दी विकास लक्ष्यहरू पूरा गर्न र विशेष रूपमा एकिकृत शहरी खानेपानी र वातावरणीय सरसफाइ, पानीको माग व्यवस्थापन र गरीबमुखि नीति नियमहरू तर्जुमा गर्न सहयोग गर्ने यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ ।

दक्षिण एशियाको अल्प विकसित राष्ट्रहरूमा पर्ने नेपाललाई यस कार्यक्रमले विशेष प्राथमिकता दिएको छ । नेपाल सरकार र UN-HABITAT बीच हालै भएको सम्झौता अनुसार सन् २०१० सम्ममा UN-HABITAT ले नेपाललाई करिब १८ करोड रुपैया बराबरको सहयोग गर्ने भएको छ । उक्त रकम खानेपानी तथा सरसफाइ क्षेत्रको सहश्राब्दी विकास लक्ष्य पूरा गर्न सहयोग गर्ने खालका विविध नौला र सिर्जनात्मक कार्यक्रमहरूमा लगानी गरिनेछ ।

यस कार्यक्रमले सम्बन्धित विभिन्न सरकारी तथा स्थानीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, स्थानीय उपभोक्ता समितिका साथै संयुक्त राष्ट्र संघका बिभिन्न निकायहरूको समन्वय र सहकार्यमा आफ्ना कार्यक्रम एवं आयोजनाहरूको कार्यान्वयन गर्ने नीति लिएको छ । यस कार्यक्रमलाई दिशानिर्देश एवं आवश्यक सहयोग गर्नको लागि नेपाल सरकारले भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत एक निर्देशन समितिको गठन गरिसकेको छ ।

## शहरी खानेपानीको माग व्यवस्थापन



नेपालका शहरी क्षेत्रहरूमा खानेपानीको माग र आपूर्तिमा व्यापक अन्तर रहेको कारणले यस्ता क्षेत्रहरूमा खानेपानीको ठूलो अभाव रहिआएको छ । त्यसकारण शहरी क्षेत्रमा खानेपानीको माग व्यवस्थापनमा सहयोग पुऱ्याउने हेतुले यस कार्यक्रमले विभिन्न कार्यहरू संचालन गरिरहेको छ ।

खानेपानीको माग व्यवस्थापन अन्तर्गत पानीको एक महत्वपूर्ण वैकल्पिक श्रोत आकाशेपानी पनि भएको हुनाले यसको सङ्कलन र प्रयोगको लागि यस कार्यक्रमबाट बृहत योजना कार्यान्वयन हुँदै आइरहेको छ । यस अनुसार आकाशेपानी संकलन प्रविधि स्थानीय स्तरमा प्रवर्द्धन गर्न सरकारी पदाधिकारी, इञ्जिनीयर, आर्किटेक्ट, विद्यार्थी र प्लम्बर लगायत बिभिन्न सरोकारवालाहरूका लागि आकाशेपानी संकलन प्रविधि सम्बन्धि तालिम कार्यक्रमहरू सञ्चालन गरिएको छ । यस प्रविधि सम्बन्धि जनचेतना जगाउने र जानकारी दिने उद्देश्यले उपत्यकाका केहि प्रख्यात स्थलहरूमा आकाशेपानी संकलन प्रविधिको स्थापना गर्नुका साथै टेलिफिल्म, रेडियो सामग्री लगायत विविध प्रचार सामग्रीहरूको उत्पादन गरिएको छ । यसबाहेक आकाशेपानी संकलनलाई राष्ट्रिय नीतिमा समावेश गरी अझ व्यापक एवं प्रभावकारी रूपमा अघि बढाउन पनि यस कार्यक्रमले नेपाल सरकारलाई सहयोग गरिरहेको छ ।

यसैगरी काठमाण्डौ उपत्यकाको विपन्न वर्गमा स्वच्छ पिउने पानी उपलब्ध गराउन स्थानीय स्तरमा प्रयोग गरिएका पानीका श्रोतलाई आवश्यक प्रशोधन पछि जेरीकनमा भरी सुलभ दरमा वितरण गर्ने एक नमूना आयोजना पनि यस कार्यक्रमले संचालन गरेको छ । यस कार्यक्रमलाई काठमाण्डौ उपत्यकाका अन्य विपन्न समुदायमा पनि विस्तार गर्नका लागि नेपाल खानेपानी संस्थानसँग सहकार्य गरी वृहत अध्ययन भइरहेको छ ।

नेपालका शहरी क्षेत्रमा खानेपानी वितरण गर्ने जिम्मा पाएको एकमात्र निकाय नेपाल खानेपानी संस्थानले खानेपानीको माग धान्न नसकेको अवस्थामा यस कार्यक्रमले संस्थानको खानेपानी माग व्यवस्थापन रणनीति तर्जुमा गरी एउटा शहरमा यसको प्रयोग गर्न आवश्यक कार्यक्रमहरू तयार पारिदै छ ।

## कार्यक्षेत्र

एशियाली विकास बैङ्कको सहयोगमा सञ्चालित शहरी खानेपानी तथा सरसफाइका परियोजनाहरू अन्तर्गतका काठमाण्डौ उपत्यकाका शहरहरू, शहरी वातावरण सुधार परियोजनामा परेका नौ वटा नगरपालिकाहरू र साना शहरी खानेपानी तथा सरसफाइ आयोजना संचालन भएका २९ वटा साना नगरहरू यस आयोजनाको कार्यक्षेत्र भित्र पर्दछन् । यसका साथै नेपाल सरकारको पहलमा संचालित एकिकृत शहरी विकास कार्यक्रम अन्तर्गतका इटहरी र अत्तरियालाई पनि यस कार्यक्रमले आफ्नो कार्यक्षेत्र बनाएको छ ।



## शहरी विपन्न वर्गका लागि एकिकृत खानेपानी तथा सरसफाइ कार्यक्रमहरू

शहरी विपन्न वर्गका लागि एकिकृत खानेपानी तथा सरसफाइ कार्यक्रम अन्तर्गत सन् २००५ अगष्टमा शुरु गरिएको सिद्धिपुर एकिकृत खानेपानी तथा सरसफाइ सुधार आयोजना यस कार्यक्रमको एउटा प्रमुख परियोजना हो । स्थानीय उपभोक्ता समितिले सञ्चालनको जिम्मा लिएको उक्त परियोजनामा मुख्य रूपमा प्रशोधित खानेपानी वितरण, फोहर व्यवस्थापन र सरसफाइका कार्यक्रमहरू संचालन भएका छन् । यस्तै किसिमका एकिकृत कार्यक्रमहरू नारायण टोल, मध्यपुर थिमीको टिगनी, ललितपुरको लुभु र खोकना लगायत भरतपुर नगरपालिका, कलैया नगरपालिका र हेटौंडा नगरपालिकामा पनि सञ्चालन भइरहेका छन् । यस्ता कार्यक्रमहरू अन्य लक्षित कार्यक्षेत्रहरूमा पनि माग अनुसार बिस्तार गरिने छ ।

## शहरी गरीबमुखी खानेपानी तथा सरसफाइका लागि सुशासन

नेपालका शहरहरूमा गरीब र धनीहरूको बसोबास क्षेत्र प्रष्ट रूपमा नछुट्टिएको अवस्थामा गरीबहरूका लागि प्रभावकारी रूपमा कार्यक्रम लैजान नसकिने भएकोले गरीब बस्तीको नक्शाङ्कन गर्नु अत्यन्त जरुरी भएको छ । त्यसैले गरीबी नक्शाङ्कनका प्रक्रिया र साधनको विकास, लैङ्गिक समावेशीकरण अध्ययन र प्रारम्भिक वातावरणीय परिक्षणको प्रक्रिया विकासमा पनि यस कार्यक्रमले प्रमुख भुमिका निभाएको छ । यी प्रक्रिया र साधनलाई शहरी वातावरण सुधार परियोजना अन्तर्गतका ९ वटा शहरहरूमा गरीबी नक्शाङ्कन र लैङ्गिक समावेशीकरण अध्ययन गर्न प्रयोग गरिनेछ ।



काठमाण्डौ उपत्यकामा बसोबास गर्ने शहरी गरीबहरूसम्म खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउनका लागि दीर्घकालीन एकिकृत योजना निर्माण गर्न यस कार्यक्रमले काठमाण्डौ उपत्यका नगर विकास समिति र मेलम्ची खानेपानी विकास बोर्डसँगको सहकार्यमा काठमाण्डौ उपत्यकाको Land Use Map तयार गर्ने भएको छ ।




यस कार्यक्रमले नेपाल सरकारलाई खानेपानी तथा वातावरणीय सरसफाइ सम्बन्धि विभिन्न नीति र निर्देशिकाहरूको निर्माणमा पनि महत्वपूर्ण सहयोग प्रदान गर्ने लक्ष्य लिएको छ ।